प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

# सामाजिक विकास मन्त्रालय

(युवा तथा खेलकुद महाशाखा)
बुटवल, नेपाल

पत्र संख्याः ०७७/०७८

चलानी नं.:

**साझेदारीमा खेलकुद एकेडेमी सञ्चालन कार्यक्रमका लागि प्रस्ताव पेश गर्नेसम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति २०७७।०५।१०**

प्रस्तुत विषयमा यस मन्त्रालयको आ.ब. ०७७।०७८ को स्वीकृत वार्षिक कार्यक्रममा साझेदारीमा खेलकुद एकेडेमी सञ्चालन कार्यक्रम रहेकोले यस मन्त्रालयसँगको साझेदारीमा क्रिकेट र फुटवल खेल विधामा खेलकुद एकेडेमी सञ्चालन गर्न यस प्रदेश भित्रका इच्छुक प्रचलित कानून वमोजिम दर्ता भई नवीकरण गरिएका खेलकुद एकेडेमीहरु, sport science संकाय सञ्चालन गरेका विश्वविद्यालयहरु र राष्ट्रिय खेलकुद परिषदमा नियमानुसार दर्ता भएका खेलकुद संघहरुलाई तपसिल बमोजिमका विवरण तथा कागजातसहितको प्रस्ताव सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ ।तोकिएको म्याद पछि प्राप्त हुने प्रस्ताव उपर कुनै कारबाही हुने छैन।

<u>तपसिल</u>

१. संस्थाको खेल मैदान तथा भवनको जग्गाधनी प्रमाण पत्र वा भोगाधिकार रहेको कागजातको प्रतिलिपि।
२. संस्थामा रहेको खेलकुद प्रशिक्षण कक्षको संख्या।
३. कार्यरत प्रशिक्षक तथा कर्मचारीहरुको नाम, पद, ठेगाना सहितको विवरण।
४. गत आर्थिक वर्षमा सञ्चालित खेलकुद प्रशिक्षण व्याचको संख्या तथा सोबाट उत्पादित खेलाडीहरुको नाम, ठेगाना सहितको विवरण।
५. विगत २ वर्ष यता त्यस संस्थाबाट प्रशिक्षण लिएका खेलाडीहरुले राष्ट्रिय स्तरको प्रतियोगितामा भाग लिएको वा पुरस्कार समेत प्राप्त गरेको भएमा सहभागिता पत्र वा पुरस्कारको प्रमाण पत्र।
६. संघ संस्था दर्ता र चालु आ.ब. का लागि नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि।
७. संस्थाको कम्तीमा आ.ब. २०७५।०७६ को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि।
८. संस्थाको विधानको प्रतिलिपि।

पुनश्चः यस कार्यक्रममा क्रिकेट र फुटवल खेलमा साझेदारीमा खेलकुद एकेडेमी सञ्चालनका लागि एक-एक वटा प्रस्ताव छनौट गरिनेछ।

(विष्णु प्रसाद पन्थी)
शाखा अधिकृत

बोधार्थः

श्री सामाजिक विकास डिभिजन कार्यालय,
रुपन्देही, कपिलवस्तु, पाल्पा, दाङ, प्युठान र बाँकेः यसै सूचना बमोजिम प्रस्तावहरु संकलन गरी तोकिएको म्याद समाप्त भएको ७ दिन भित्र यस मन्त्रालयमा प्राप्त हुनेगरी पठाउनुहुन।